नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय

# विद्युत विकास विभाग

(.....अनुमतिपत्र महाशाखा.....)

४५३४११९
४५११५३७
फोन नं.: ४५१९५०१
४५३९३६२
फ्याक्स: ४५३९९०३
पोस्ट बक्स नं.: २५००७
सानोगौचरण,काठमाडौं, नेपाल

पत्र संख्या:- (अनुमतिपत्र) ०८२/८३

चलानी नं.:- ९१५०

मितिः २०८३/०१/०२

नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय विद्युत विकास विभाग २०५०

विषयः ठूलीगाड खोला जलविद्युत आयोजनाको ३३ के.भी. विद्युत प्रसारण लाइन आयोजनाको विद्युत प्रसारणको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा।

श्री ओम पावर कम्पनी प्रा. लि.,
चन्द्रागिरी-१४, काठमाडौं।
सम्पर्क इमेलः ompowercom@gmail.com

प्रस्तुत विषयमा तैहाबाट ठूलीगाड खोला जलविद्युत आयोजनाको ३३ के.भी. विद्युत प्रसारण लाइन आयोजनाको विद्युत प्रसारणको सर्वेक्षण अनुमतिपत्रको लागि पेश गरेको दरखास्त उपर कारबाही हुँदा तपशिल बमोजिमका विवरणहरु संलग्न नदेखिएकोले पन्ध्र (१५) दिन भित्र पेश गर्नु हुन विभागको मिति २०८२/१२/३० को निर्णयानुसार जानकारी गराईन्छ।

तपशिलः

१. प्रवर्द्धक कम्पनीको कम्पनी दर्ता प्रमाणपत्र, प्रवन्धपत्र, नियमावली, स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र (PAN) र कर चुक्ताको प्रमाणित प्रतिलिपि ।

२. परामर्शदातृ संस्थाको कम्पनी दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र (PAN) प्रवन्धपत्र र नियमावलीको प्रमाणित प्रतिलिपि ।

३. परामर्शदाता कम्पनी. र प्रवर्द्धक कम्पनी विच सम्भाव्यता अध्ययन गर्न भएको सम्झौतापत्र ।

४. आयोजनाको प्रस्तावित सवस्टेसनमा प्रस्तावित भोल्टेज स्तरमा कनेक्सन गर्ने सम्बन्धमा नेपाल विद्युत प्राधिकरणसँगको विद्युत ग्रिड कनेक्सन सम्बन्धी सम्झौता (कनेक्सन एग्रिमेन्ट) वा PPA सम्बन्धी कागजातको प्रतिलिपि ।

५. कनेक्सन एग्रिमेन्ट बमोजिम प्रस्तुत विद्युत प्रसारण लाइनको भोल्टेज स्तर र रुट (गाउँपालिका तथा नगरपालिका) उल्लेख भएको तथा प्राविधिक विश्लेषण सहितको डेस्क स्टडी प्रतिवेदन पुनः पेश गर्नु हुन ।

..................
(सावित्री धमाला)
इलेक्ट्रिकल इन्जिनियर